## चिया पिइसकेर उसको घरबाट हिँड्ने बेलामा

आज, मेरो हजुर-को
दर्शनार्थ-धृष्टता गरौँ कि भनेर
यी-यसरी झुण्डिएर आएको थिएँ

आज, मेरो हजुर-को
सेवार्थ के के भनौँ कि भनेर
यी-यसरी झुण्डिएर आएको थिएँ

शिष्टताको निम्ति साधुवाद ।
चियाको निन्ति धन्यवाद ।

अरु के भनौँ ...............
सब बिर्सिएँ, जे जे भनौँ भनेर आएको थिएँ ।

हेर्नुहोस्...................................
यी आँखामा जो लजाइरहेका तस्बीर थिए
मेरो हजुरकै हुन् कि भनेर
चिन्हाउन आएको थिएँ